कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी,उदयपुर
प्रदेश नं. १ , नेपाल

# सटर भाडा ठेक्कामा लगाउने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०७/१९

कटारी नगरपालिकाको बसपार्क पश्चिममा रहेको नगरपालिका भवनका सटरहरु तिन वर्षसम्मका लागि भाडामा बढाबढ प्रकृयाद्धारा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनम रही रितपूर्वक सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ।

**तपसिल**

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक्का रकम ( मासिक) | फारम दस्तुर | अवधि | धरौती रकम | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ३–२०७६/०७७ | नगरपालिकको नयाँ भवनको सटर भाडा (२० वटा) | ४०,०००।- | १००० | ३ वर्ष | कवोल अंको ५ प्रतिशत | |

**शर्तहरु :**

१. ईच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय सम्म यस कार्यालयको राजश्व शाखाबाट फारम खरिद गरी ८ औं दिन दिनको १२:०० बजे सम्म कटारी नगरपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ। उक्त शिलबन्दी प्रस्तावहरु साही दिनको २:०० बजे देखि कटारी नगरपालिका स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवर नगर कार्यपालिकाको कार्यालयमा खोलीने छ। प्रस्तावकार्ता वा निजको प्रतिनिधि उपशिथत नभएपनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०३०३००७१०२ मा दाखिला गरेको सक्क्ल भौचर आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ।

३. सिलबन्दी प्रस्ताव फारम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन शिलबन्दी दाखिला र खोल्न सहिने छ।

४. फारम लिदा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नगरिकताको प्रमाण पत्र प्रमाणीत प्रतिलिपी ,फर्म दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र स्थानी तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

५. सिलबन्दी खाम बाहिर यस कटारी नगरपालिका ,नगर कार्यापालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्नेछ ।

६.दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको कबोल अंकको १ महिना बराबरको रकम यस कार्यालयको नामा रा.बा.बैंक कटारी शाखामा रहेको २०५०३०३००७१०२ खातमा जम्मा गरेको गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ ।

७. भाडा बुझाउँदा त्रैमासिक भाडा वापतको सुरु महिनाको ७ दिन भित्र (अग्रीम रुपमा ) एकमुष्ट रकम नगरपालिकाको कार्यालयमा बुझउनु पर्नेछ । बिजुली बत्ती तथा पानीको महशुल मासिक रुपमा सम्बन्धित निकायले बुझाउनु पर्नेछ ।

८. दरभाउपत्र स्वीकृत गर्ने/ नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

९. दरभाउपत्र स्वीकृत भई सम्झौता रकम बन्द,हडताल जस्ता कुनै पनि कारणले मिनाहा हुनेछैन ।

१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत